# नेपाल उद्योग वाणिज्य महासंघको
# ५४ औं वार्षिक साधारण सभाको अवसरमा
# हुने निर्वाचन कार्यक्रम सम्वन्धी
# निर्वाचन समितिबाट जारी

# **सूचना**

नेपाल उद्योग वाणिज्य महासंघको ५४ औं वार्षिक साधारण सभा तथा कार्यकारिणी समितिको निर्वाचन विश्वभर फैलिएको कोभिड १९ को महामारी नियन्त्रणका लागि नेपाल सरकारले जारी गरेको लकडाउन एवं निषेधाज्ञाका कारणबाट स्थगित हुन गएकोमा स्वास्थ्य तथा सुरक्षा सम्बन्धी मापदण्ड पालना गर्ने गरी गृह मन्त्रालयबाट स्वीकृति प्राप्त गरी महासंघको कार्यकारिणी समितिले यही २०७७ साल मंसीर ११ र १२ गते ५४ औं वार्षिक साधारण सभा तथा मंसीर १३ गते निर्वाचन गर्ने भनि २०७७ साल असोज २९ गते सार्वजनिक सूचना प्रकाशित भएको हुंदा यही २०७७ साल मंसीर १३ गते हुने महासंघको कार्यकारिणी समितिको निर्वाचन कार्यक्रम निम्न बमोजिम हुने व्यहोरा सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| | | |
|---|---|---|
| १. | उम्मेद्वारहरूको मनोनयन पत्र दाखिला | यो सूचना प्रकाशित भएको मिति देखि २०७७/८/४ गते सांझ ५:०० बजेसम्म |
| २. | मतदान गर्न पाउने सदस्यहरुको पहिलो नामावली प्रकाशन | मिति २०७७/८/२ गते सांझ ५:०० बजे |
| ३. | मतदान गर्न पाउने सदस्यहरुको नामावली उपर दावी विरोध | मिति २०७७/८/३ गते विहान ११:०० बजेदेखि २:०० बजेसम्म |
| ४. | मतदान गर्न पाउने सदस्य विरुद्ध परेको दावि विरोध उपर छानविन गरी संसोधित दोस्रो नामावली प्रकाशन | मिति २०७७/८/३ गते ६:०० बजे |
| ५. | कोभिड १९ को यस विषम परिस्थितिलाई मध्यनजर गरी उम्मेद्वारको मनोनयन लगायत प्रतिनिधिपत्र दर्ता (प्रतिनिधि शुल्क, सदस्यता शुल्क लगातका बैंक भौचर) इ–मेल मार्फत गर्ने कार्यलाई प्राथमिकता दिने । ई–मेलबाट पठाईएको सबै कागजातको सक्कल २०७७ मंसीर ४ गते सांझ ५:०० बजे भित्र महासंघको सचिवालयमा आई पुग्नु पर्नेछ, अन्यथा मनोनयन स्वतः बदर हुनेछ । | |
| ६. | उम्मेद्वारको पहिलो नामावली प्रकाशन | मिति २०७७/८/४ गते सांझ ६:०० बजे |
| ७. | सक्कल कागजात प्राप्त भए पश्चात सो प्रमाणहरुको आधारमा उम्मेद्वारहरुको दोश्रो नामावली प्रकाशन | मिति २०७७/८/५ गते विहान ११:०० बजे |
| ८. | उम्मेद्वारी मनोनयन पत्र उपरको दावि विरोध | मिति २०७७/८/५ गते विहान ११:३० बजेदेखि दिउंसो २:०० बजेसम्म |
| ९. | मनोनयन पत्र उपर परेको दावि विरोध उपर छानविन र सो पश्चात उम्मेद्वारीहरुको तेस्रो नामावली प्रकाशन | मिति २०७७/८/५ गते सांझ  ६:०० बजे |

| | | |
|---|---|---|
| १०. | मतदान गर्न पाउने प्रतिनिधिको नामावली प्रकाशन | मिति २०७७/८/११ गते विहान ११:०० बजे |
| ११. | मतदान गर्न पाउने प्रतिनिधि उपरको दावि विरोध र छानविन एवं निर्णय | मिति २०७७/८/११ गते विहान ११:३० बजेदेखि अपरान्ह १:३० बजेसम्म |
| १२. | मतदान गर्न पाउने प्रतिनिधिहरुको दावि विरोध माथि निर्णय पश्चात अन्तिम नामावली प्रकाशन | मिति २०७७/८/११ दिनको ३:०० बजे |
| १३. | उम्मेद्वारले मनोनयन फिर्ता लिने | मिति २०७७/८/६ गते विहान ११:०० बजे देखि मिति २०७७/८/८ गते दिउँसो ३:०० बजेसम्म |
| १४. | उम्मेद्वारको अन्तिम नामावली प्रकाशन | मिति २०७७/८/८ गते दिउंसो ५:०० बजे |
| १५. | निर्वाचन | मिति २०७७/८/१३ गते विहान ८:०० बजेदेखि दिउंसो ४:०० बजेसम्म |
| १६. | मत गणना | मतदान समाप्त भएपछि |
| १७. | निर्वाचन नतिजाको घोषणा | मतगणना समाप्त भएपछि |

नोटः १. मतदाता सूचिमा समावेश भएका तर नविकरण नगरेका संघ/संस्थाले मिति २०७७ साल मंसीर ११ गते विहान ९:०० बजे भित्र नविकरण गर्न सक्नेछन् । सो समयसम्म पनि नविकरण नगर्ने सदस्य संघ/संस्थाले मतदाता सूचीमा नाम भए पनि मतदानमा भाग लिन पाउने छैनन् ।

२. माथि प्रकरण नम्बर १ देखि १३ सम्मको निर्वाचन कार्यक्रम महासंघको सचिवालय, टेकु, काठमाडौंमा र प्रकरण नं. १४ देखि १६ सम्मको निर्वाचन कार्यक्रम निर्वाचन समितिले तोकिएको स्थान राष्ट्रिय प्रज्ञा प्रतिष्ठान, प्रज्ञा भवन, कमलादी, कार्की व्याङकेट, बबरमहल र नेपाल उद्योग वाणिज्य महासंघ, टेकु काठमाडौंमा छुट्टा छुट्टै रुपमा हुनेछ । नेपाल सरकार गृह मन्त्रालयको स्वीकृती एवं स्वास्थ्य मन्त्रालयको मापदण्ड समेत पूरा गर्ने गरी निर्वाचन कार्यक्रम संचालन गर्न हुनेछ ।

३. निर्वाचनमा मतदान गर्दा एक पटकमा २५ जना भन्दा बढी व्यक्ति जम्मा नहुने गरी अर्थात सामाजिक (भौतिक) दुरी कायम हुने र स्वास्थ्य र सुरक्षाका मापदण्ड पूरा गरी मतदान गराइनेछ ।

४ कुनै प्राविधिक वा अन्य कारणले तोकिएको समयमा कार्य सम्पन्न हुन नसकेमा निर्वाचन समितिले तत्काल अर्को सूचना प्रकाशित गरि निर्वाचन कार्यक्रम तथा स्थान हेर फेर गरी निर्वाचन कार्यक्रम सम्पन्न गरिने छ ।

५. उम्मेदवारीको मनोनयन पत्र दर्ता गर्दा मनोनयन पत्रको साथमा देहाएका कागजातहरू अनिवार्य पेश गर्नुपर्ने छ :

क. संवन्धित संघ/सस्थाको तर्फबाट उम्मेदवारी मनोनयन गर्न चाहनेले संवन्धित संघ/संस्थाको कार्यकारिणी समिति/संञ्चालक समितिबाट उम्मेदवारी खडा गर्ने विषयमा भएको निर्णयको प्रमाणित प्रतिलिपि ।

ख वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष एवं कार्यकारिणी समितिको सदस्य पदमा उम्मेदवारी मनोनयन दर्ता गर्न चाहनेले महासंघको विधानको दफा ४६.१(ख) (ग) र दफा ४६.३(क) को (ऊ) वमोजिमको योग्यता रहेको देखिने कागजपत्रको प्रतिलिपि ।

ग. एशोसिएट सदस्यको तर्फबाट उम्मेदवारी दर्ता गर्न चाहनेले फोटो सहितको परिचयपत्र र मुख्य प्रतिनिधिको रूपमा छनोट भएको निर्णयको प्रतिलिपि ।

घ. यो सूचना प्रकाशित हुनु अघि वा पछि उम्मेद्वारी दर्ता गरेका व्यक्तिले मिति २०७७ साल मंसीर ४ गते सांझ ५:०० बजेसम्म महासंघको विधान तथा नियमावली बमोजिम

बुझाउनु पर्ने सक्कल बुझाई सक्नु पर्नेछ । उक्त समयसम्म संलग्न कागजात नभएमा त्यस्ता मनोनयन रद्द गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

६. महासंघको विधानको दफा ३४ अनुसार कार्यकारिणी समिति सदस्यको देहायका पदाधिकारी र सदस्यको पदमा निर्वाचन गरिनेछ :

१. बरिष्ठ उपाध्यक्ष – १

२. उपाध्यक्षहरु – ३ जसमध्ये

क) उद्योग वाणिज्य संघ समूहबाट उपाध्यक्ष – १

ख) वस्तुगत संघ समूहबाट उपाध्यक्ष – १

ग) एशोसिएट सदस्य समूहबाट उपाध्यक्ष – १

निर्वाचन हुने कार्यकारिणी समितिका सदस्यहरु संख्या ६० जसमध्ये देहाय बमोजिमका समूहबाट देहाय बमोजिमका सदस्य निर्वाचित हुनेछन् :

क) महासंघको प्रत्येक प्रदेशतर्फबाट एक/एक जना गरी सदस्य ७ जना ।

ख) उद्योग वाणिज्य संघ तर्फबाट सदस्य १८ जना ।

ग) वस्तुगत संघ तर्फबाट सदस्य १४ जना ।

घ) एशोसिएटतर्फबाट सदस्य १९ जना ।

ङ). द्विराष्ट्रिय उद्योग वाणिज्य संघ तर्फबाट सदस्य १ जना

च). महासंघका संस्थापकहरु मध्येबाट १ जना ।

७. महासंघको निर्वाचन सम्बन्धमा यस निर्वाचन समितिबाट मिति २०७६/११/२३ गते तथा २०७७/३/२१ प्रकाशित सूचनाहरु अनुसार भए गरेका वा सम्पन्न गरेका निर्वाचन सम्बन्धि सम्पूर्ण कार्यहरु यसै सूचना अनुसार भए गरेको मानिनेछ ।

| | | |
|---|---|---|
| **रमण कुमार कर्ण** | **लिलामणि पौडेल** | **उपेन्द्र केशरी न्यौपाने** |
| निर्वाचन अधिकृत | निर्वाचन अधिकृत | मुख्य निर्वाचन अधिकृत |
| नेपाल उद्योग वाणिज्य महासंघ | नेपाल उद्योग वाणिज्य महासंघ | नेपाल उद्योग वाणिज्य महासंघ |

मिति : २०७७ साल कार्तिक ...... गते रोज .....